# CEDAW Policy Brief on Indigenous Women, Girls, and Indigenous Women with Disabilities






NIWF Federation Team




NIWF Fourm Team



NIDWAN Team



INWOLAG Team

# CEDAW Policy Brief on Indigenous Women, Girls and Indigenous Women with Disabilities

## 2024 AD


**National Indigenous Women Federation**
Kathmandu Metropolition City-10,
Buddhanagar, Nepal
**T.:** 977-01-4794192
**E:** niwf2057@gmail.com
**W:** www.niwf.org.np

**National Indigenous Women Forum**
32, Old Sinamangal, Pepsicola Kathmandu
Metropolitan City, Nepal
**T.:** 977-01-5156113
**E:** niwfnepal@gmail.com
**W:** www.niwfnepal.org.np

**National Indigenous Disabled Women Association Nepal**
Kusunti-4, Jawalakhel, Lalitpur Nepal
**T.:** 977-01-5424054
**E:** nidwan2015@gmail.com,
**W:** www.nidwan.org.np

**Indigenous Women's Legal Awareness Group**
Kumaripati, Lalitpur, Nepal
**T.:** 977-01-5408706
**E:** inwolag9@gmail.com
**W:** www.inwolag.org.np

Supported by:

MADRE

35 years of fighting for feminist futures

# CEDAW Policy Brief on Indigenous Women, Girls and Indigenous Women with Disabilities

## Synopsis:

We examined the CEDAW Concluding Observations 2011, 2018, and General Recommendations No. 39, 2022 of the Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW) and organized consultation meetings with groups of indigenous women, girls, and indigenous women with disabilities from Nepal to measure and suggest the main gaps in the rights of Indigenous Women. In the CEDAW concluding observations 2011 we presented the concern about the low level of representation and participation of indigenous women in the decision-making process from local to high level. Similarly, it explored the numerous ways in which women from different underprivileged groups, including Dalit and indigenous women, widows, and women with disabilities are discriminated. Furthermore, the concluding observations of 2018 strongly recommended amending the constitution of Nepal on the self-determination of indigenous women in line with the UNDRIP 2007. On 31 October 2022, General Recommendations No. 39 (GR 39), a historically significant act of progressivism that focused on specific rights for Indigenous women and girls (prevent and protect against gender-based violence, political and public life, education, health, culture, land territories and resources, food, water and seeds, clean, healthy and sustainable environment) was adopted. However, in Nepal, we found that most of the available data was aggregated and generalised rather than disaggregated based on sex, ages, origins, ability, castes, geographic areas and the severity of the socioeconomic status of peoples. Furthermore, we found that the government of Nepal ignored and omitted the concluding observations of the CEDAW of 2011, 2018, CRPD 2018 and to incorporate that into action. The CEDAW General

Recommendations No. 39 are yet to be taken into account in the policy making and implementation levels. As a result, we believe that there is an urgent need to reform existing policies and laws, as well as implement them effectively on the ground, in accordance with the General Recommendations No. 39 of CEDAW.

## Introduction

Geographically, Nepal is a small country with diversity in nature and culture. Nepal is a unique country due to 1) a highly heterogeneous society (123 ethnic groups with distinct culture, economic system, religion, mother tongue, etc.) and 2) a secular country. However high prevalence of caste-based system and gender-based discrimination is still present. Following the Shah dynasty's unification of Nepal in 1744-1816, Rana usurped (1646) control from the Shah dynasty and reigned until 1951 (104 years), and such caste-based and gender-based system was institutionalised systematically with the issuance of the Civil Code (Muluki Ain 1910 B.S.) for the first time in Nepal. That was a dark period for Nepal and its people. However, with changing time and political revolution, Nepal signed and ratified the Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW) on 22 April 1991, and the Optional Protocol to CEDAW on 7 June 2007, both of which were enacted by the United Nations General Assembly in 1979 (1). Since then, CEDAW has been a legally enforceable international treaty for Nepal. In 1995, the Government of Nepal (GoN) pledged for gender equality and women's empowerment at the Fourth World Conference on Women in Beijing and signed the Beijing Platform for Action (BPFA) (1). In 2015, Nepal pledged a new constitution that guaranteed women 33% of the seats in federal and provincial legislatures, criminalization of violence against women based on cultural, religious or traditional practices, and equal property rights to citizens who choose a non-binary gender

in their citizenship (7).

In response to disparities, inequity and all forms of discrimination against indigenous women, including girls and women with disabilities (hereafter Indigenous Women), the Indigenous Women's Consortium (IWC), which includes National Indigenous Women's Federation (NIWFederation), National Indigenous Women Forum (NIWForum), National Indigenous Disabled Women Association Nepal (NIDWAN), and Indigenous Women's Legal Awareness Group (INWOLAG), has been empowering Indigenous women and influencing policymakers in Nepal. For example, the consortium is committed to ensuring Indigenous women's issues regarding meaningful participation and representation at all levels, access to resources, collective rights, rights to self-determination, autonomy, and customary self-governing system with no forms of gender, disability, or age, discrimination against IP women. However, Nepal has long practiced patriarchal culture and, more crucially, institutionalised such women-unfriendly practices through legal measures such as the strong enactment of Muluki Ain (BS 1910), which also incorporates the caste-based system. Nepal being a patriarchal society for hundreds of years, caste-based systems and women and disability related unfriendly cultures have been immemorial to Nepal. Indigenous Women are most exposed to such malpractices, despite the fact that various women-friendly policies and bills have been passed. However, such patriarchal and sterotypes views appear to persist in practices and actions among policymakers, bureaucrats, men, and women. So, in this policy brief, we examined the legal documents, particularly the implementation of CEDAW and its relevant laws and policies in Nepal specific to IPs.

**Objective of this policy brief:**

The objective of this policy brief is to evaluate and document

the provisions of the CEDAW and relevant legal instruments in Nepal, focusing on the rights of Indigenous women, girls, and women with disabilities (Indigenous Women).

**Methodology**:

This policy brief is based on a desk review of pertinent documents, including state submissions and shadow reports, concluding observations from NIWFederation, NIDWAN, NIWForum and INWOLAG, and the IPs consultation with eight marginalized communities (Tingaule, Lhopa, Tingaule Thakali, Kumal, Kisan, Santhal, Uraw and Lepcha). Moreover, it covered the most recent periodic reports in relation to Indigenous Women, and CEDAW Concluding Observations 2011 and 2018 (4,8) General Recommendations No. 39 (5,6), The International Labour Organization (ILO) C. 169, United Nations Declarations on the Right to Indigenous Peoples (UNDRIP) 2007 (5, 9).

**Result of review**

*Introduction and Background of CEDAW*

Although various international legal instruments on women's rights were accepted, they were ineffective due to fragmented and piecemeal methods. The General Assembly of the United Nations enacted the CEDAW in 1979 to make it broader and more effective (1). It has been referred to as the international bill of rights for women and lays out a set of three principles; 1) right to equality, 2) right to nondiscrimination, and 3) state obligation. A comprehensive set of civil, political, economic, social, and cultural rights for women includes a definition of gender discrimination. The CEDAW comprises a preamble (introduction) and 30 articles (clauses). The articles 1-5 contain the general framework of the convention, 6-16 covers specific substantive issues, 17-23 covers committee and procedures, and 24-30 holds administration and interpretation (2). On 17 July 1980, 64 states signed the

Convention at a special ceremony at the Copenhagen Conference, and two states presented their instruments of ratification. The treaty entered into force on 3 September 1981, 30 days after the twentieth member state approved it - faster than any other human rights treaty - putting to a close United Nations efforts to thoroughly codify international legal standards for women (3). It has been made mandatory to submit a periodic report by the states who ratified to CEDAW committee every four years along with provision for concerned women's rights Civil Society Organization to voluntary submit their issues as a shadow report to the CEDAW committee.

*Optional protocol of CEDAW*

An optional protocol is a treaty that supplements or adds to an existing treaty. The Optional Protocol to CEDAW empowers the CEDAW Committee to consider complaints from individuals or groups of women (via the communication procedure) about violations of the Convention and/or to conduct inquiries into grave or systematic violations of women's rights (via the inquiry procedure). This will only apply if the state has accepted the optional protocol (2).

***CEDAW Concluding Observations 2011 for Nepal***

The State Party's combined fourth and fifth periodic reports were greatly appreciated by the CEDAW Committee. The CEDAW committee welcomed some progress and achievements in Nepal; however, such progresses were vague and general. The CEDAW Concluding Observations 2011 for Nepal found that it was general for all women and did not include the realities of Indigenous Women expect for few points. The CEDAW Concluding observation is mainly concerned with the following (8):

1. The Committee welcomes the 33 per cent representation of

women in the Constituent Assembly. However, it is deeply concerned about the extremely low representation of women, in particular Dalit and indigenous women, in high-level decision-making positions, public service, the judiciary and the diplomatic service; in the National Human Rights Commission; and at the local level,

1. the continued existence of many discriminatory laws and policies.

2. ensure that women have full and equal citizenship rights under the new constitution, especially by exercising their right to transfer citizenship to their children and foreign husbands.

3. the multiple forms of discrimination against women from various disadvantaged groups of women, including Dalit and indigenous women, widows, and women with disabilities, are discriminated against.

4. requests that the present concluding observations be widely disseminated in Nepal so that everyone is aware of the steps that have been taken to ensure the de jure and de facto equality of women, as well as the additional steps that are necessary in this regard. This includes government officials, politicians, members of the Constituent Assembly, and women's and human rights organisations. The Committee recommends including the local community level in the distribution.

***CEDAW Concluding Observations 2018***

Among many other relevant acts and legislatives that GoN has enacted, the committee also appreciated that Article 18 (3) of the Constitution of Nepal 2015 which is about empowerment of disadvantage groups, including IPs. However, the CEDAW 2018 Concluding Observations were concerned with its objectives and recommended the following points (4):

1) Lack of gender-based self-determination (indigenous women): According to the UNDRIP 2007, recommending to amend the Constitution to clearly recognise the rights of indigenous women, particularly their right to self-determination (5);

2) Insufficient reference to caste-based discriminations: Take all necessary steps to guarantee the effective implementation of the Caste-Based Discrimination and Untouchability (Offence and Punishment) Act, in accordance with commitments made at the universal periodic review (A/HRC/31/9, para. 122.35);

3) Lack of economic and poverty indicators based on gender and caste, including the others: Adopt temporary special measures with clear timelines, in accordance with the constitutional provisions on "special opportunities," to improve access to health services, education, safe water and sanitation services, food, fertile land, and nativity for women facing intersecting and multiple forms of discrimination, including indigenous, Dalit women, rural women, women with disabilities, and widows in the Hindu community, as well as women affected by conflict and natural disasters.

***CEDAW, General Recommendations No. 39 (2022)***

The CEDAW Committee has repeatedly recognised patterns of discrimination suffered by Indigenous women and girls in exercising their human rights, as well as factors that continue to increase discrimination against them. Discrimination based on sex, gender, Indigenous origin, status or identity, race, ethnicity, disability, age, language, socioeconomic status, and HIV/AIDS status are examples of intersectional discrimination (5). Among many other recommendations, the following are crucial CEDAW General Recommendations to Indigenous women and girls based on their intersectionality (6):

A) *Access to justice and plural legal systems:*

Ensure that Indigenous women and girls have effective access to adequate non-Indigenous and indigenous justice

systems that are free of racial and/or gender discrimination, bias, stereotypes, retaliation, and reprisal.

B) *Obligations of States Parties in Relation to Specific Dimensions of the Rights of Indigenous Women and Girls:*

1) Preventing and protecting against gender-based violence: Adopt and successfully execute legislation that prevents, prohibits, and reacts to gender-based violence against indigenous women and girls with disabilities taking into account intersectionality, interculturality, and multidisciplinary.

2) Political and public life: Informed participation of Indigenous women and girls in political and public life and at all levels, including decision-making positions, which may include temporary special measures such as quotas, targets, incentives, and efforts to enshrine Indigenous women and girls with disabilities

3) Education: Ensure that all indigenous women and girls, including those with disabilities, have access to high-quality education that is inclusive, accessible, and affordable. Dispelling preconceptions about the origin, history, culture, and lives of indigenous women and girls with disabilities.

4) Work: Ensure a compatible and supportive environment and opportunity for indigenous women and girls and women with disabilities at all stages of work and in the accessible and condusive workplace.

5) Health: Ensure that quality health services and facilities are available, accessible, affordable, culturally appropriate, and acceptable for Indigenous women and girls, including those with disabilities, older women and lesbian, bisexual, transgender, and intersex women and girls, and that confidentiality and privacy are respected in the provision of health services.

6) Culture: Ensure the individual and collective rights of indigenous women and girls to maintain their culture, identity, and traditions, as well as to choose their own path and lifestyle choices.

7) Land, territories, and natural resources: Recognize the right to self-determination, as well as the presence and rights of indigenous peoples to their lands, territories, and natural resources, in national treaties, constitutions, and laws. It is suggested that protocols for free, prior, and informed consent (FPIC) be implemented to lead these activities.

8) Food, water and seeds: Protect Indigenous women's ancestral forms of farming and sources of livelihood, and enable meaningful participation of Indigenous women and girls in the design, adoption, and implementation of agricultural reform plans, as well as the management and control of natural resources.

9) Clean, healthy, and sustainable environment: Ensure that indigenous women and girls with disabilities have equal access to meaningful and effective participation in environmental, disaster risk reduction, and climate change decision making.

***IWC concerns about the implementation of CEDAW in Nepal***

Prior to 2011, the Women's Civil Society Organization, on behalf of Nepalese women, submitted a shadow report to the CEDAW Committee through a single-door mechanism. As GoN assumed, Nepalis are homogeneous rather than heterogeneous in terms of caste, origin, culture, economy, geographic location, disability, etc. Such reports were biased, homogeneous, unrepresentative, and systematic in their treatment of indigenous women, girls, and indigenous women with disabilities, as well as others in the country. As a result, the IWC (NIWFederation, NIWForum, NIDWAN,

and INWOLAG) acknowledged that the CEDAW General Recommendations 1-38 had not been effectively materialized and addressed issues about Indigenous Women. With this in mind, the IWC submitted two different shadow reports in 2011 and 2018 on the concerns of Indigenous Women. The IWC welcomes the issue being addressed by the Committee on the Elimination of Discrimination Against Women on General Recommendation No. 39 on 31 October 2022, with the publication of a broad recommendation titled "Elimination of Discrimination Against Indigenous Women and Girls”. The IWC expressed the following concerns about the GoN after consulting with Indigenous Women:

1. The role of state parties is biased, and functions as a double standard.

2. The GoN has not taken any legislative action or made any other declarations about the right to self-determination. The bitter truth is that the GoN completely disregarded and failed to recognize access, participation, justice, and benefit-sharing mechanisms, particularly with regard to natural resources, clean environments, and indigenous customary laws and institutions.

3. GoN erred in assuming that Nepal as homogeneous country with attempts to classify diverse people into one category as a whole and failed to recognize that people in Nepal belonged to heterogeneous groups and were treated differently based on their diverse identities. Nepal hosts a diverse population that varies greatly in terms of origin, caste, gender, age, physical ability, and geographic location, in addition to economic, social, and cultural factors. They required proportionately varied treatments, as their strata were diverse. However, the enabling environments for Indigenous Women and other oppressed groups continue to be disregarded through the use

of policy, regulations, and practical methods.

4. Even though the 2015 Nepal Constitution legislated certain favorable provisions, Nepal has had a significant impact due to century long practice of the caste-based and patriarchal system and this oppressive culture is still prevalent. Therefore, these injustices (gender, caste, origin, etc.) persist even in the perceptions and actions of policymakers.

5. Free, prior, and informed consent (FPIC) was not obtained during the formulation and ongoing implementation of plans, policies, and regulations.

6. Participation, representation, access, justice, and benefit mechanisms, particularly for marginalized groups such as Indigenous Women and Indigenous women with disabilities have been underrepresented in every area of the public, nonprofit, and private sectors.

7. Poor, shaky and inadequate data, particularly biased data, are still prevalent, and the right-to-information is not properly implemented.

## Conclusions

Overall, we found a favorable circumstance for the CEDAW's concluding observations and general recommendations. The right to access, participation, and justice was, however, ignored and underappreciated by the GoN, particularly with regard to Indigenous Women and other marginalized groups. Furthermore, no action has been taken in Nepal, particularly to guarantee Indigenous women's rights to self-determination in the areas of land, territory and, natural resources, customary laws, education, health, employment, culture, environment and economy. Having said that, we urge the following to be further underlined based

on our study of policy and interaction with Indigenous Women groups:

1. Include Indigenous People's right to self-determination, autonomy, and customary self-government systems in the Constitution in accordance with CEDAW's general recommendations, and to amend the Constitution explicitly to recognize Indigenous Women's right to self-determination in accordance with UNDRIP 2007 as per the CEDAW concluding observation 2018, 41 (A).

2. According to UNDRIP 2007, the GoN should guarantee a mandatory national framework on FPIC addressing the Constitution, legislation, and policy.

3. Develop institutional, legal, and policy frameworks that allow Indigenous Women and Indigenus Women with disabilities to participate and be represented effectively and meaningfully in political and public sphere, including direct representation through their customary institutional selection practices.

4. Ensure that the proposals for enhanced follow-up and monitoring are implemented and taken seriously by the states parties in order to address the rights of Indigenous Women and Women with disabilities.

5. Provide tools and measures to hold the government responsible and to prompt effective action to meet the needs of Indigenous Women.

6. Ensure that Indigenous Women have easy access to justice that is devoid of prejudice.

7. Rewrite and enact the legislation to completely protect the rights of Indigenous Women and Women with disabilities to

land, water, and natural resources.

8. Ensure that Indigenous Women have access to information on existing laws and remedies in their mother tongue and in accessible formats like braille and Easy to Read Version and others.

9. Provide access to justice establishing a system for providing legal services in indigenous languages. The local judicial committee should compile a list based on data from the Indigenous Peoples. Financial assistance should be provided to marginalized and vulnerable people, notably with disabilities who do not have access to the court and judicial system. Furthermore, each district should conduct judicial outreach to educate indigenous women about the legal system.

10. Obtain convenient and user-friendly disaggregate data based on sex, ages, origins, ethnicity, disability, socioeconomic status, and geographic locations.

## References

1. International Women's Development Agency (IWDA)-Ministry of Foreign Affairs of the Netherland. CEDAW at a Glance. https://iwda.org.au/assets/files/CEDAW-at-a-Glance.pdf

2. International Women's' Rights Action Watch Asia Pacific (IWRAW), OP CEDAW Overview, 2016, Available at: http://www.iwraw-ap.org/opcedaw/what-is-op-cedaw/op-cedaw-overview

3. United Nations Department of Public Information. 1995. Report by the Committee on the Elimination of Discrimination against Women (A/CONF.177/7). https://digitallibrary.un.org/record/186966

4. FWLD.2018. CONCLUDING OBSERVATIONS on the Sixth Periodic Report of Nepal on CEDAW. Published by Forum for Women, Law and Development with support of UN Women. https://fwld.org/wp-content/uploads/2019/01/Concluding-comments-English.pdf

5. UNDRIP art.2. 2007. United Nations Declaration on the Rights of Indigenous People, UNDRIP, Resolution adopted by the General Assembly on 13 September 2007.

6. The Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW)/c/go/39. Sept 31 October 2022.

7. GoN. 2015.Constitution of Nepal

8. United Nations. 2011. CEDAW/C/NPL/CO/4-5. The Convention on the Elimination of All Forms of Discrimination against Women. 49 sessions. https://www2.ohchr.org/english/bodies/cedaw/docs/co/CEDAW-C-NPL-CO-4-5.pdf

9. International Labour Office Geneva, Understanding the Indigenous and Tribal Peoples Convention, 1989 (169). HANDBOOK for ILO Tripartite Constituents Feb,19, 2013, available at https://www.ilo.org/global/standards/ 205225/Lang—en

# आदिवासी महिला, किशोरी र आदिवासी अपाङ्गता भएका महिलाका सम्बन्धमा सीड नीतिको संक्षिप्तीकरण

**वि.सं. २०८०**


**राष्ट्रिय आदिवासी जनजाति महिला**
काठमाडौं म.न.पा-१०, बुद्धनगर, नेपाल
सम्पर्क: ९७७-०१-४७९४१९२
इमेलः niwf2057@gmail.com
वेबसाइटः www.niwf.org.np

**राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च**
पूरानो सिनामंगल, पेप्सीकोला
काठमाडौं महानगरपालिका-३२, नेपाल
सम्पर्क: ९७७-०१-५१५६११३
इमेलः niwfnepal@gmail.com
वेबसाइटः www.niwfnepal.org.np

**राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ–नेपाल**
कुसुन्ती ४, जावलाखेल, ललितपुर नेपाल
सम्पर्क: ९७७-०१-५४२४०५४
इमेलः nidwan2015@gmail.com
वेबसाइटः www.nidwan.org.np

**आदिवासी महिला कानूनी सचेतना समूह**
कुमारिपाटी, ललितपुर, नेपाल
सम्पर्क: ९७७-०१-५४०८७०६
इमेलः inwolag9@gmail.com
वेबसाइटः www.inwolag.org.np

सहयोगी संस्थाः

MADRE

35 years of fighting for feminist futures

## आदिवासी, किशोरी र अपाङ्गता भएका महिलाका सम्बन्धमा सीड नीतिको संक्षिप्तीकरणः

**सारांश :**

आदिवासी महिलाहरुको अधिकार र प्रमुख समस्याहरु र यस बीचका अन्तरसम्बन्धमा यसबारे सुझाव र उपायहरुको पहिचान गर्नका लागि हामीले महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि सीड समितिका सन् २०११ र २०१८ का निष्कर्ष सुझावहरुबाट र सन् २०२२ को सीड आधारभूत सुझाव नं ३९ अध्ययन पश्चात् आदिवासी महिला, किशोरी तथा आदिवासी अपाङ्गता भएका महिलाका संस्थाहरुः राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च, राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल, आदिवासी महिला कानूनी सचेतना समूहले कार्यक्रम आयोजना गरी सुझाव संकलन गरेका छौं । सन् २०११ को सीड समितिको निष्कर्ष सुझावको अध्ययनले आदिवासी महिला, किशोरी र अपाङ्गता भएका महिलाकाहरुको उच्चस्तरीय, निर्णायक तह, सार्वजनिक सेवा, न्यायपालिका, कूटनीतिक क्षेत्र, राष्ट्रिय मानव अधिकार आयोग र स्थानीय तहमा महिला विशेष गरी आदिवासी जनजाति महिलाहरूको प्रतिनिधित्व तथा सहभागितामा अत्यन्तै न्यून रहेको तथ्यले देखाएको छ । त्यसैगरी अधिकारविहीन समुदायहरु जस्तै : दलित समुदाय, आदिवासी महिला एकल र अपाङ्गता भएका महिलाहरु राज्यका सबै क्षेत्रहरुमा शोषण र भेदभावको शिकार भइरहेका छन् । अझ यसभन्दा सन् २०१८ को सीड निष्कर्ष सुझाव ले UNDRIP अनुसार आदिवासी महिलाको आत्मनिर्णयको अधिकार नेपालको संविधानमा समावेश गर्नका लागि संविधान संशोधन गर्ने कार्यमा जोड दिएको छ । आदिवासी महिला र किशोरीहरुको अधिकारको क्षेत्रमा CEDAW को आधारभूत सुझाव ३९ अक्टोबर सन् (२०२२) को घोषणा एउटा ऐतिहासिक र उपलब्धि मूलक रहेको छ, जसले आदिवासी महिलाहरुको विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन तथा उनीहरुका आधारभूत अधिकारहरु संरक्षण गर्नका लागि बहुल लैङ्गिक विभेद्, उमेर, लिङ्ग, भाषा, अपाङ्गताको आधारमा हुने विभेद सार्वजनिक तथा राजनैतिक जीवनमा सहभागीता, भूमि प्राकृतिक श्रोत साधन, खाद्यान्न, पिउने पानी, स्वास्थ्य, शिक्षा, बीउ बिजन, स्वास्थ्य,

दिगो वातावरण सम्बन्धि बृहत् सुझावहरु पारित गरेको छ । तर नेपालले लिएको तथ्याङ्क अनुसार लिङ्ग, उमेर, जातीगत उत्पत्ति, भौगोलिक क्षेत्र, अपाङ्गता, नागरिकको सामाजिक तथा आर्थिक गम्भीरताको आधारमा नलिई सामान्य तरिकाबाट लिएको पाइन्छ । अझ यसभन्दा अगाडि नेपाल सरकारले निष्कर्ष सुझाव २०११ र २०१८ लाई नेपालको संविधान, कानून तथा नीतिहरुमा संम्वोधन नगर्नुका साथै कार्यान्वयन नगरेको अवस्था छ । अझ महत्वपूर्ण कार्य भनेको सीड आधारभूत सुझाव नं ३९ दस्तावेजलाई कार्यन्वयनमा ल्याउने कुरा महत्वपूर्ण रहेको छ । त्यसैले हाम्रो उद्देश्य तथा कार्यभार भनेको सीड को सिफारिस नं. ३९ लाई वर्तमान नेपाली संविधान, कानून तथा नीति नियममा समावेश गराउनका लागि वर्तमान नीति नियममा सुधार गरी व्यवहारमा समेत कार्यान्वयन गराउनु यो नीतिको प्रमुख आवश्यकता हो ।

**परिचयः**

नेपाल भौगोलिक रुपमा सानो मुलुक भएतापनि यो मुलुक विविध प्राकृतिक तथा स्रोतसाधन भएको मुलुक हुनुका साथै विविध भाषिक, साँस्कृर्तिक रुपबाट धनी राष्ट्र हो । यो मुलुक कहिँले पनि बाहृय शक्तिको उपनिवेशमा रहेन यद्यपि बेलायत साम्रराज्यको बिगबिगी रहँदा पनि नेपाल स्वतन्त्र तथा सावभौमिक राष्ट्रको रुपमा रहन सफल भयो । नेपाल आफैँमा एउटा अदित्य मुलुक हो । यसको मुख्यकारण बहुजातीय समाज १२४ जातजाति, समूह, जसको आफ्नै संस्कृति, भाषा, धर्म, आर्थिक अवस्था आदि रहेको छ । नेपाल धर्म निरपेक्ष राष्ट्र भए तापनि अझसम्म पनि जातजाति तथा लैङ्गिक विभेद्मा आधारित व्यवस्थामा अडेको छ । यस अवस्थाको पछाडि लामो ऐतिहासिक पृष्ठभूमि रहेको छ ।

वि.सं. १७१४-१८१६ सम्म शाह वंशको शासनकाल त्यसपछि वि.सं. १४४६ (१०४) वर्षसम्म राणाहरुको शासन व्यवस्था सत्ता हटाइएपछि वि.सं. १९१० सालको मुलुकी ऐन जात, जाति र लैङ्गिक विभेद्मा आधारित शासन व्यवस्था आयो । यस काललाई नेपालको ईतिहासमा एउटा अध्याँरो कालको रुपमा लिईन्छ । तर समयको परिवर्तन तथा नेपालमा भएका राजनीतिक परिवर्तनका बावजूद नेपालले २२ अप्रील, १९९१ मा महिला विरुद्धका सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने महासन्धि (सिड) र ७ जुन २०००, मा सीडको ऐच्छिक आलेखमा बिनाशर्त हस्ताक्षर गरी मान्यता प्राप्त

गरेको छ। दुवै दस्तावेजहरुलाई संयुक्त राष्ट्र संघद्धारा पारित गरेको हो। महासन्धिमा पक्ष राष्ट्र भए देखि नै सीड नेपालको कानूनमा कार्यान्वयन गरिनु पर्ने, अन्तर्राष्ट्रिय कानूनी व्यवस्था रहेको छ। साथै नेपालले सन् १९९५ मा भएको बेईजीङ्ग चौथौं, वेईजीङ्ग अर्न्तराष्ट्रिय महिला सम्मेलन, वेईजीङ्ग कार्यान्वयन मंच एकमा हस्ताक्षर गरी लैंङ्गिक समानता तथा महिला सामावेशीकरणको प्रतिवद्धता जाहेर गऱ्यो। त्यसै अनुरुप नेपालको संविधान (२०७२) मा संघीय सरकार तथा प्रादेशिक विधायिकामा तथा राज्यका हरेक अंगमा महिलाहरुको ३३ प्रतिशत सहभागीता लागि स्थान सुरक्षित गर्ने व्यवस्था गरेको छ।

आदिवासी महिला, किशोरी र आदिवासी अपाङ्गता भएका महिलाहरु विरुद्धका सबै प्रकारको भेद्भाव, असमानतालाई तथा समाधान गर्नका लागि उनीहरुलाई सशक्तिकरण गर्नका लागि, नीति तथा निर्णायक तहमा उनीहरुको आवाज पुऱ्याई, उनीहरुको अधिकारका लागि उपयुक्त नीति नियम निर्माण गर्नका लागि नेपालमा राष्ट्रियस्तरका आदिवासी महिला संघसंस्थाको निमार्ण भएको छ, जस अन्तर्गत राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला मंच, राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल र आदिवासी महिला कानूनी सचेतना समूह रहेका छन्। आदिवासी महिलाका राष्ट्रिय संस्थाहरुले आदिवासी महिला, आदिवासी किशोरी र अपाङ्गता भएका महिलाहरुको पक्षमा महत्वपूर्ण विभिन्न क्षेत्रहरुमा कार्य गर्दै आईरहेका छन्। जस्तैः आदिवासी महिलाहरुको प्राकृतिक स्रोतसाधनको पहुँचमा अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व, सामुहिक अधिकार, आत्मनिणर्यको अधिकार, परम्परागत प्रथा जन्य स्वशासित प्रणाली, न्यायमा पहुँच, आदिवासी महिला विरुद्धका सबै प्रकारका लैङ्गिक विभेद् अन्त्य गर्नको लागि प्रतिवद्ध रहेको छ। तर नेपाल पुरुषप्रधान समाज, त्यसमाथि पनि संरचनात्मक रुपमा रहेको विभेदीकरण गर्ने कानूनी व्यवस्था रहेको अवस्था छ। अझै पनि वि.सं. १९१० को मुलुकी ऐनले जात जाति र लैङ्गिक विभेद्को आधारमा बनाएको पुरुषप्रधान महिला विरोधी, संस्कृति, उँच-नीच प्रथामा आधारित कानूनी व्यवस्थाको अवशेष रहेको हुँदा यस्तो व्यवस्थालाई बिर्सन छ। महिलाहरुमध्ये पनि आदिवासी महिलाहरु साथै अपाङ्गता भएका महिलाहरु व्यवहारिक जीवनमा पुरुषप्रधान, जातीगत र अशक्तताको आधारमा विभेदित नेपाली समाजमा सबैभन्दा

बढी उत्पीडित रहेका छन् । कतिपय कानून, नीति तथा नियमहरु महिलाहरुको पक्षमा रहेतापनि यसले महिलाभित्रको विविधतालाई व्यवहारिक सम्बोधन गर्न सकेको छैन । यी पक्षमा साँचो अर्थमा कार्यान्वयनमा आएको छैन । यस्ता खालको पुरुष प्रधानता सोच र व्यवहार हरेक क्षेत्रहरुमा यत्र-तत्र हामी भेद्भाव देख्न सक्छौं । त्यसकारण, यस सीड संक्षिप्त नीतिमा हामीले कानूनी दस्तावेजहरु विशेषगरी सीड दस्तावेजहरुको नेपालका आदिवासी महिला, किशोरी तथा आदिवासी अपाङ्गता भएका महिलाहरुको सम्बन्धमा यसको सान्दर्भिकतालाई व्यवस्था तथा विश्लेषण गरेका छौं ।

**उद्देश्य** :

यसको अध्ययनको मुख्य उद्देश्य भनेको सीड नीतिलाई मूल्याङ्कन र अध्ययन गरी सान्दर्भिक बुँदाहरुलाई नेपाली आदिवासी महिला, किशोरीहरु र आदिवासी अपाङ्गता भएका महिलाहरुको सवालहरुमा केन्द्रित रहेर लागू गर्नु रहेको छ ।

**विधि पद्धति** :

यो संक्षेपिकरण नीति, सूचनामा केन्द्रित समीक्षामा आधारित छ । जसमा महत्वर्पूण तथा सान्दर्भिक दस्तावेजहरुकाः निफ, निफ फोरम, निडवान, इन्वोल्यागले संलग्न गरेको छ । त्यसैगरी आदिवासी जनजाति समुदायहरुसँगको छलफल तथा सुझावहरु रहेका छन । उक्त समुदायहरुमा (तीनगाँउले थकाली, तान्बे, कुमाल, किसान, सन्थाल उराओ, लेप्चा र आदिवासी अपाङ्गता भएका महिलाहरु) गरिएको थियो । त्यसैगरी हालसालै प्रकाशित आदिवासी महिलासँग सम्बन्धित सीड को निष्कर्ष सिफारिश टिपणी २०११ र २०१८, २०२२ को आघारभूत सुझावहरु नं. ३९ अन्तर्राष्ट्रिय श्रम संगठन (ILO C. No. 169) आदिवासी जनजाति मानव अधिकारको लागि संयुक्त राष्ट्र संघको घोषणा पत्र, २००७ नेपालको संविधान (२०७२) अध्ययनमा संलग्न गरिएको थियो ।

**समीक्षाको नतिजाः**

**सीड पृष्ठभूमि तथा परिचयः**

यद्यपि महिला अधिकारको लागि विभिन्न अन्तर्राष्ट्रिय कानूनहरुलाई स्वीकार

गरे तापनि यी कानूनहरु विखण्डित टुक्राहरुको रुपमा रहेकोले यिनीहरु प्रभावहिन रहेको छ । त्यसैले संयुक्त राष्ट्र संघको साधरण सभाले सीडलाई १९७९ मा यसलाई व्यापक र प्रभावकारी बनाउने उद्देश्य कार्यान्वयनका लागि यसलाई महिला अधिकारका क्षेत्रमा अन्तर्राष्ट्रिय कानूनको रुपमा मान्यता दिइएको छ । यो मुख्यतः ३ वटा सिद्धान्तमा आधारित छः-

१. समानताको अधिकारको सिद्धान्त
२. अविभेद् अधिकारको सिद्धान्त
३. राज्यको दायित्वको सिद्धान्त

यो एउटा महिला अधिकारको लागि विस्तृत संकलन हो । जसमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, लैङ्गिक विभेद्को समग्र रुप हो । सीड दस्तावेजमा परिचय ३० वटा दफाहरू समावेश गरिएको छ । दफा १-५ मा महासन्धिको सिद्धान्त समेटिएको छ भने ६-१६ दफाहरूले ठोस तथा सारभूत अधिकारहरूलाई समेटेको छ । १७-२३ दफाहरूले यस समिति तथा यसका प्रावधानहरुको कार्यान्वयन बारेमा उल्लेख गरेको छ । त्यसैगरी २४-३० दफाले यसका प्रशासनिक तथा व्याख्याहरू उल्लेख गरेको छ ।

(२) जुलाई १४, १९८० मा कोपेनहेगन सम्मेलनमा ६४ राष्ट्रले यो दस्तावेजमा हस्ताक्षर गरे भने २ वटा राष्ट्रले आफ्नो तर्फबाट अनुमोदनका लागि प्रस्ताव राखे । त्यसपछि सेप्टेम्बर ३, १९८१, मा ३० दिन पछि यस महासन्धिलाई २० राष्ट्रले स्वीकार गरे । यो महासन्धि अन्य मानव अधिकार सन्धिहरुभन्दा धेरै छोटो समयमा अनुमोदन भएको थियो । यसलाई संयुक्त राष्ट्र संघले महिला अधिकारको क्षेत्रमा अर्न्तराष्ट्रिय कानूनको रुपमा महिलाको मानव अधिकारको रुपमा अवलम्बन गऱ्यो ।

(३) त्यसकारण सबै राष्ट्रहरु, जसले यस सन्धिमा हस्ताक्षर गरेका छन् । तिनीहरुले प्रत्येक चार वर्षमा आवधिक प्रतिवेदन बुझाउन पर्ने बाध्यकारी कानूनको रुपमा प्रस्तुत भयो । महिला अधिकार सम्बन्धी संस्थाहरुलाई सीड कमिटीमा छायाँ प्रतिवेदन पेश गर्न सकिने प्रावधान पनि रहेको छ ।

क. सीडको इच्छाधीन आलेख :

यो इच्छाधीन आलेख भनेको सन्धिमा पूरक बुदाँहरुलाई थप गर्ने तथा व्यवस्था गर्ने गर्दछ । सीडको इच्छाधिन आलेखले विशेषतः महिला सशक्तिकरणको मुद्धामा व्यक्ति, संघसंस्थाबाट महिला विरुद्धहरुको हिंसा सम्बन्धी गुनासोहरुलाई सुनुवाई गर्दछ । यस इच्छाधीन आलेखलाई राज्यले स्वीकार गरेको खण्डमा लागू हुन्छ । यस प्रकारका गुनासो अथवा मुद्दाहरुलाई (सूचना प्रणालीमार्फत) सीडमा आउने गरे तापनि महिला विरुद्धका जघन्य तथा प्रणालीगत हुने हिंसा र अत्याचारहरु बढ्दै गईहेका छन् ।

ख. नेपालका लागि सीड निष्कर्ण टिप्पणी २०११ः

सीड समितिले, राज्यले बुझाएका चौथो तथा पाचौं आवधिक रिपोर्टलाई प्रशंसा गरेको छ । साथै नेपालले गरेका केही प्रगतिहरुलाई यस सीड समितिले स्वागत पनि गरेको छ । तर यसखालका प्रगति अस्पष्ट तथा सामान्यीकरण गरेको अवस्थामा रहेका छन् । सीडको निष्कर्ष सुझाव २०११ ले यी उपलब्धि तथ्य प्रगतिहरु अदिवासी महिलाहरुका लागि निर्देशित तथा विशिष्ट नभई सबै महिलाहरुलाई एकै ठाउँमा सम्म्याईकरण गरेको बुझाई तथा ठम्माई रहेको छ तर महिलाहरुले आशा गरेका यी तलका बुँदाहरु तपशिलमा रहेका छन् । यो सीड समिति मुख्यतया तलका बुँदाहरुलाई चासो राख्छन् । (८)

१. मौजुदा कानूनहरु तथा नीतिहरु निरन्तर रुपमा भेद्भावपूर्ण रहेका छन् ।

२. महिलाका नागरिकता सम्बन्धी अधिकार जस्तो-आमाको नामबाट तथा विदेशी श्रीमानबाट जन्मेका आफ्ना सन्तानलाई नागरिकता प्रदान गर्न सकिने कानूनलाई संविधानमा सुनिश्चित गरिनु पर्ने ।

३. अधिकारविहीन महिला समूह जस्तै-दलित, आदिवासी, एकल, अपाङ्गता भएका महिलाहरुले बहुपक्षीय विभेद्को सामना गरिराख्नु परेको वर्तमान अवस्था रहेको छ ।

४. यो निष्कर्ष टिप्पणीलाई नेपालभरि प्रचार-प्रसार गरिनु पर्दछ, जसले गर्दा सबै महिलाहरुले उनीहरुका समान अधिकारका लागि बनाएका कानूनहरुमा कस्तो प्रकारको कदमहरु वा पहलहरु चालिएका रहेछन् भन्ने विषयमा जागरण तथा

चेतना आउनेछ । त्यसैगरी थप आवश्यक कदमहरु चाल्नु पर्ने अवस्थामा समेत चेतनशील हुनेछन् । जसमा सरकारी कार्यालयका कर्माचारीहरु, राजनीतिज्ञहरु, संसदका सदस्यहरु, महिला तथा मानव अधिकार सम्बन्धी संगठनहरू साथ-साथै स्थानीय तहको न्यायिक समितिहरूमा उनीहरुको पहुँच के कस्तो छ ? यसमा पूर्ण सहभागिता तथा प्रतिनिधित्वको लागि के गर्नु पर्छ भन्ने विषयमा जानकारी प्राप्त हुनेछ ।

सीड निष्कर्ष टिप्पणी, २०१८

नेपाल सरकारले लागू गरेको थुप्रै सान्र्दभिक कानून, नियमहरुमध्ये संविधानको धारा १८(३) मा स्वागत गरेका छ । किनभने यस बुँदाले नेपाली महिलाहरु तथा आदिवासी महिलाहरुसमेतलाई सशक्तिकरण गर्ने विषय संविधानमा उल्लेख गरेको छ । तर पनि सीडको निष्कर्ष सुझाव, २०१८ त्यसका आफ्ना उद्देश्यहरुमा ध्यान केन्द्रित गरी तल उल्लिखित बुँदाहरु सुझावको रुपमा प्रस्तुत गरेका छ । (४)

समिति राज्य पक्षलाई सुझाव दिन्छ कि ग्रामीण महिलाको अधिकार सम्बन्धमा आधारभूत सुझाव नं.३४, २०७२ र जलवायु परिवर्तनको सन्दर्भमा विपत प्रकोप व्यवस्थापन न्यूनीकरणको लैङ्गिक सम्वन्धी आयामहरु निम्न अनुरुप रहेका छन्ः-

क. आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र अनुरुप आदिवासी महिलाको अधिकार, विशेषगरी उनीहरुको आत्मनिर्णयको अधिकार स्पष्ट रुपमा पहिचान गर्न संविधान संशोधन,

ख. लैङ्गिकतामा आधारित आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र अनुरुप आदिवासी महिलाको अधिकार विशेषगरी उनीहरुको आत्मनिर्णयको अधिकार संविधानमा मान्यता प्राप्त पहिचान गर्नको लागि संविधान संशोधन गर्न सुझाव दिएको छ । (५)

ग. जातीयतामा आधारित भेद्भाव हटाउने कार्यमा अप्राप्तता, जातीयतामा आधारित विभेद र छुवाछूत प्रणाली-(कसूर तथा सजाय) को ऐन हटाउनको लागि आवश्यक सबै प्रकारका कदमहरु चाली प्रभावकारी रुपमा व्यवहारमा उतार्ने कार्य सुनिश्चितता गरिनु पर्ने, जसमा आवधिक समीक्षा (A/HRC31/9,

परिच्छेद् 122.35) को अनुसार प्रभावकारी कार्यान्वयन गर्न सबै आवश्यक उपायहरु गर्ने ।

घ. लैङ्गिकता, जातीयता र अशक्तताामा आधारित आर्थिक तथा गरिबीको सूचाङ्कको कमी रहेको, यसले यी स्थाई तथा प्रष्टरुपमा समय सीमाको विशेष उपायहरुको अवलम्बन गरिनु पर्दछ । संविधानमा व्यवस्था गरिए अनुसार विशेष सुविधा वा अवसरहरु आदिवासी महिला, दलित महिला, ग्रामीण क्षेत्रमा बसोवास गर्ने महिला, अपाङ्ग र आदिवासी अपाङ्गता भएका महिलाहरु, विधवा महिलाहरू, जसले अन्तरपक्षीय, तथा बहुलपक्षीय भेद्भाव र विभेद्बाट पीडित छन् । उनीहरुको स्वास्थ्य सेवा, खाद्यान्न, उर्वर भूमी, शिक्षा, सुरक्षित पिउने पानी तथा सरसफाई, उनीहरुको पुख्यौली भूमि, जल, जंगल नदीमा उनीहरूको पहुँचमा वृद्धि गर्न सकिने वातावरण कायम गरिनु पर्ने, त्यसैगरी यस अन्तर्गत हिन्दु समाजमा बाँाचिरहेका अन्य द्वन्द्वपीडित र प्राकृतिक प्रकोपबाट प्रभावित महिलाहरुलाई समेत समावेश गरिनु पर्दछ ।

सीड, आधारभूत सुझावहरु नं ३९ (२०२२):

यस सीड समितिले आदिवासी महिला, किशोरी र अपाङ्गता भएका महिलाहरुले आफ्नो मानव अधिकार उपभोग गर्दा भोग्नु परेका विभिन्न विभेदका ढाँचाहरु तथा स्वरुपलाई बारम्बार मान्यता दिएको छ (स्पष्ट पारेको छ) । त्यसैगरी आदिवासी महिलाहरुले सामना गर्नु परेको अन्तर सम्बन्धित वहुपक्षीय विभेद्हरु जस्तै लैङ्गिक, जातीय, सामाजिक, आर्थिक र भाषागत, अशक्तता, क्षेत्रगत, पहिचानगत, आदिवासी उत्पत्ति आदिका आधारमा लगातार बढिरहको (५) विभेद समेतलाई स्वीकार गरेको छ ।

सीड आधारभूत आमसुझावहरु मध्ये केही महत्वपूर्ण बुँदाहरु आदिवासी महिला, किशोरी र अपाङ्गता भएका महिलाहरु, जसले वहुपक्षिय विभेद् भोगिरहेका छन् । उक्त बुँदाहरुलाई यस संक्षेपमा उल्लेख गरिएको हो । (६)

अ) न्याय तथा वहुपक्षीय कानूनी अधिकार सम्वन्धमा:

जातिय तथा लैङ्गिक विभेद् नभएको रुढिबादी प्रतिशोध तथा पूर्वाग्रहरहित दुवै

आदिवासीय तथा गैर आदिवासीय न्याय प्रर्णाली तथा व्यवस्थामा आदिवासी महिला, किशोरी र अपाङ्गता भएका महिलाहरुको पर्याप्त पहुँचको सुनिश्चितता गरिनु पर्दछ ।

आ) आदिवासी महिलाहरु र किशोरीहरुको विशेष अधिकारको क्षेत्रमा राज्य पक्षको दायित्वहरु :

१) लैङ्गिक हिंसाबाट रोकथाम तथा नियन्त्रणः

आदिवासी महिलाहरु, किशोरीहरु र अपाङ्गता भएका महिलाहरु विरुद्ध हुने लैङ्गिक हिंसालाई नियन्त्रण तथा रोकथाम गर्नका लागि आवश्यक तथा प्रभावकारी हुने कानूनहरु लागू गरिनु पर्ने, यस्तो कानून तयार पारी व्यवहारमा लागू गर्दा अन्तरपक्षीय, अन्तरसाँस्कृतिक तथा बहुपक्षीय अवस्थालाई ध्यानमा राखेर गरिनुपर्दछ ।

२) राजनैतिक तथा सामाजिक जीवनः आदिवासी महिलाहरु, किशोरी र अपाङ्गता भएका महिलाहरुको जीवनका हरेक क्षेत्रहरु, जस्तै सामाजिक, राजनैतिक जीवनमा सक्रिय सहभागिताका लागि, सूचना तथा जानकारीमूलक सहभागिता सम्बन्धी अधिकारलाई लागू गरिनुपर्ने, जसभित्र निर्णायक पदहरुमा छनौट तथा अस्थायी तथा विशेष प्रकारका उपायहरु जस्तैः कोटा, लक्ष्य, प्रोत्साहन प्रदान गरी आदिवासी महिलाहरुलाई समाहित गर्ने कार्यलाई समावेश गरिनुपर्दछ ।

३) शिक्षाः आदिवासी महिला, किशोरी र अपाङ्गता भएका महिलाहरुलाई सर्वसुलभ, गुणस्तर समावेशी शिक्षामा पहुँचलाई सुनिश्चित गरिनु पर्दछ साथै उक्त शिक्षा पूर्वाग्रह जस्तै- ऐतिहासिक, नश्लीय, अशक्तता, साँस्कृतिक आदिबाट पूर्णरुपमा स्वतन्त्र हुनु पर्दछ ।

४) काम र रोजगारः आदिवासी महिला र अपाङ्गता भएका महिलाहरु, किशोरीहरुका लागि उपयूक्त सहयोगी तथा अवसरपूर्ण वातावरण सृजना गरी रोजगारका सवै क्षेत्रहरु कार्यस्थल आदि ठाउँहरुमा सुनिश्चित वातावरणको निर्माण गरिनुपर्ने ।

५) स्वास्थ्यः आदिवासी महिलाहरु, किशोरी र अपाङ्गता भएका महिलाहरुलाई साँस्कृतिकरुपले स्वीकार्य हुने स्वास्थ्य सेवा तथा सुविधाहरु सर्वसुलभ उपलब्धता

तथा उनीहरुले सजिलै प्राप्त गर्न सकिने वातावरणको सुनिश्चितता गरिनुपर्दछ । त्यसैगरी अपाङ्गता भएका महिलाहरुका, आदिवासी महिला, समलिङ्गी, तेस्रो लिङ्गि आदिका गोपनियता तथा व्यक्तिगत अधिकारलाई सम्मान गरिने प्रावधानको सुनिश्चितता गरिनु पर्दछ ।

६) सँस्कृतिः आदिवासी महिला र अपाङ्गता भएका महिलाहरुको वैयक्तिक तथा सामूहिक साँस्कृतिक परम्परा, परिचयको सर्म्वधन तथा संरक्षण गर्ने अधिकारको सुनिश्चितता गर्नु पर्दछ । त्यसैगरी उनीहरुले रोजेको जीवनशैली, जीवन जिउँने बाटोको पूर्ण सुनिश्चित गरिनु पर्दछ ।

७) भूमि जमीन प्राकृतिक साधन स्रोत सम्बन्धी अधिकारः आदिवासी समुदायको आफ्नो जमीनमाथिको पहुँच तथा उपभोग गर्ने अधिकार तथा आत्मनिर्णयको अधिकारलाई मान्यता प्रदान गर्ने विषयलाई अन्तर्राष्ट्रिय सन्धि, संविधान र कानूनमा सुनिश्चित गरिनु पर्दछ । यी अधिकार तथा कार्यहरुको कार्यान्वयन गर्नको लागि पूर्व सूचित स्वतन्त्र मन्जुरी सम्बन्धी प्रोटोकल शिष्टाचार लागू गरिनु पर्दछ ।

८) खाद्यान्न, पानी तथा विउ विजनः आदिवासी महिलाहरु तथा उनीहरुको समुदायको परम्परागत पुर्ख्यौली खेती गर्ने पद्धति तथा जीवन उपार्जनका स्रोतहरुको संरक्षण गरिनु पर्दछ । त्यसैगरी कृषि प्रणालीको सुधार, ग्रहण, तथा योजना लागू गर्दा तथा प्राकृतिक साधन स्रोतको व्यवस्थापन र नियन्त्रणको जानकारी, प्रभावकारी सहभागिता, प्रतिनिधित्व, मञ्जुरीको सुनिश्चिता गरिनु पर्दछ ।

९) स्वास्थ्य सफा तथा दिगो वातावरणः वातावरण, जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धी निर्णय गर्ने सम्बन्धमा आदिवासी महिला, किशोरी र अपाङ्गता भएका महिलाहरुको प्रभावकारी तथा अर्थपूर्ण सहभागितालाई प्रतिनिधिमूलक संस्थामार्फत् सुनिश्चितता गरिनुपर्दछ ।

सीडको आधारभूत आमसुझावलाई नेपालमा लागू गर्ने सम्बन्धमा नेपाल आदिवासी महिलाहरुको सरोकार वा चाँसो ।

सन् २०११ भन्दा पहिला नेपाली महिलाहरुको तर्फबाट सीडमा छायाँ प्रतिवेदन

महिलाहरुको नागरिक समाजले प्रस्तुत गर्ने गरेको पाईन्छ। नेपाल सरकारले नेपालीहरु जातीय, साँस्कृतिक, आर्थिक, भौगोलिक, अपाङ्गता आदि सबै एकरुपकतामा छन्, विविधता वा विभेद् छैन भन्ने मान्यता राख्थ्यो। त्यसैले गर्दा उक्त एकोहोरो एकलकाँटे प्रतिवेदन आदिवासी महिला, किशोरीहरु र अपाङ्गता भएका महिलाहरुप्रति पूर्वाग्रहि एकलरुपमा, उनीहरुको प्रतिनिधिनविहिन रहन गयो । त्यसैले नेपाली आदिवासी महिला संगठन : निफ, निफ फोरम, निडवान, इन्वोल्यागले सीड आधारभूत आम सुझाबहरु १–३८ लाई आदिवासी महिलाहरुको अधिकारको लागि नेपाल सरकारले व्यवहारमा कार्यान्वयन तथा लागू गर्नबाट चुकेको यर्थाथलाई स्वीकार गऱ्यो। यसै वास्तविकतालाई मध्यनजर गरेर नेपाल आदिवासी महिला संगठनले सन् २०११ र २०१८ मा दुईवटा छुटा-छुटै छायाँ प्रतिवेदन पेश गऱ्यो । जब सन् अक्टोबर ३१, २०२२ मा महिला विरुद्धका सबै विभेदलाई उन्मुलन गर्ने विषयमा सीड नं ३९ आदिवासी महिला, किशोरी र अपाङ्गता भएका महिलाहरुका सवालमा घोषणा भयो, यसलाई नेपाली आदिवासी महिला संगठनले एउटा ऐतिहासिक महत्वको दस्तावेजको रुपमा ग्रहण तथा स्वागत गर्दछ।

नेपालका चार राष्ट्रिय आदिवासी महिला संगठनहरुले नेपाल सरकारलाई तलका विषयमा ध्यान आकषर्ण गराउँदछ।

१. आदिवासी महिलाहरु तथा किशोरीहरुप्रति राज्यको पूर्वाग्रह तथा दोहोरो चरित्रको भूमिका रहेको विवरण ।

२. आदिवासी महलिाको आत्मनिर्णयको अधिकार सम्बन्धमा :

   नेपाल सरकारले यस सवालमा कुनै पनि कानूनी कदम नचालेको साथै कुनैपनि घोषणामा यस विषयमा सार्वजनिक नगरेको । तितो यर्थाथ भनेको नेपाल सरकारले आदिवासी समुदायको न्यायमा पहुँच, प्राकृतिक साधनस्रोत, सफा वातावरण, प्रथाजन्य कानून र संघसंस्थाहरु तथा फाईदाजनक साझेदारी सम्बन्धी संयन्त्र आदिमा पूर्ण रुपमा आदिवासी समुदायलाई बेवास्ता र अधिकार सुनिश्चित नगरेको वर्तमान अवस्था रहेको छ।

३. नेपाल सरकारले सबै प्रकारका समुदायका महिलाहरुलाई एकै कित्तामा राखेर

उनीहरुबिच रहेको भिन्नता र मौलिकतालाई संवोधन गर्ने विषयमा गल्ती गरेको छ । त्यसैले जुन मानिसहरु वा समुदायहरु तथा कथित मूलधार वा शासकजातिको कित्तामा आएका छैनन्, उनीहरुलाई फरक व्यवहार गरेको छ । तर यर्थाथमा नेपाल विविध जनसख्याले ओगटेको छ । उनीहरुको उत्पत्ति जातिगत, लैङ्गिक, उमेर, शारीरिक अशक्तता तथा भौगोलिक विविधताले एक-अर्कामा फरक रहेका छन् । अझ अगाडि उनीहरुका विचमा आर्थिक, सामाजिक, साँस्कृतिक रुपमा पनि विविधता रहेको छ । त्यसैले आदिवासी समुदायको अवस्था फरक फरक रहेको हुनाले उनीहरुको समस्यालाई फरक ढङ्गबाट संबोधन गर्नु पर्ने आवश्यकता रहेको छ । तर आदिवासी महिलाहरु, किशोरी, अपाङ्गता भएका महिलाहरु तथा अन्य उत्पीडित समुदायहरु राज्य पक्षबाट लगातार नजर अन्दाजको शिकार भईरहेका छन् । जस्तै नीति निमार्ण तथा व्यवहारिक जीवनमा राज्य पक्षको नजरबाट ओझेलमा परेका छन् ।

(४) यद्यपि २०७२ को संविधानले केही महत्वपूर्ण परिवर्तन ल्याएको छ । तर पुरुषप्रधान समाज, जातिगत समाजको संरचना, शोषणमा आधारित मूलधारको संस्कृति अहिले पनि कायम रहेको छ । त्यसैले अन्याय, अत्याचार (लैङ्गिक, जातिगत, अशक्तता उत्पत्तिको आधारमा) बढिरहेको छ । यद्यपि यो मानसिकता नीति नियम तैयार पार्ने मानिसहरुमा समेत गहिरो गरी बसेको वर्तमान अवस्था रहेको छ ।

(५) योजना, नियम, नीतिहरु निमार्ण गर्दा स्वतन्त्र पूर्वसूचित, मञ्जुरी सम्बन्धी अधिकारलाई कार्यान्वयन नगरेको वर्तमान अवस्था रहेको छ ।

(६) सार्वजनिक वैयक्तिक नाफारहित क्षेत्रहरु न्यायको पहुँच, नाफामूलक संयन्त्रहरुमा सीमान्तकृत तथा आदिवासी महिलाहरु तथा अपाङ्गको संलग्नता अत्यन्त न्यून रहेको छ ।

(७) तल्लोस्तरको, पूर्वाग्रही तथ्याङकहरु अहिले पनि प्रयोगमा रहेको अवस्था छ । त्यसैगरी सूचनाको अधिकार लागू नभएको वर्तमान अवस्था अर्को यर्थाथ हो ।

**निष्कर्षः**

समग्रमा हामीले सीडको निष्कर्ष सुझाव र आधारभूत सिफारिशका लागि धेरै अनुकूल परिस्थिति भएको भेटायौं । तर नेपाल सरकारले आदिवासी महिलाहरु तथा सिमान्तकृत वर्गको सहभागिता, पहुँच र न्याय सम्बन्धी अधिकारलाई बेवास्ता तथा अवमूल्यन गरेको थियो । त्यसै गरी नेपाल आदिवासी महिलाहरुको आत्मनिर्णयको अधिकारका क्षेत्रहरु जस्तैः स्वास्थ्य, रोजगार, संस्कृति, आदिवासीको पुर्ख्यौली भूमि र क्षेत्र, भूगोल, प्राकृतिक साधनस्रोतहरु प्रथाजन्य कानून, वातावरण तथा आर्थिक क्षेत्रहरुमा कुनै पनि प्रभावकारी कदम चालेको अवस्था छैन् । त्यसकारण यो सीड कार्यनीतिको अध्ययन र आदिवासी महिलाहरुको संगठनहरुका बिचमा अन्तरक्रिया पछि, हामी तलका अन्य सुझाव तथा सिफारिशहरु तयार पारेका छौं ।

(१) सीड आधारभूत सुझाव GR 39, २००२ र निष्कर्ष सुझाव, २०१८ मा संविधानमा आदिवासी समुदायको आत्मणिर्नयको अधिकार प्रयोजनको सरकारी प्रणलीलाई समावेश गरि कार्यान्वयन गर्नु पर्ने । त्यसैगरी UNDRIP, २००७ र UNCRPD, २००६ अनुसार आदिवासी समुदायको पहिचान, आत्मणिर्नयको अधिकारलाई संविधान संशोधन गरी स्पष्ट रुपमा मान्यता दिनु पर्ने ।

(२) नेपाल सरकारले UNDRIP-२००७ र UNCRPD-२००६ अनुसार संविधान, कानून, नीतिहरुलाई संवोधन गर्न र सामुहिक अधिकारको अनिवार्य राष्ट्रिय ढाँचाको सुनिश्चितता गरिनु पर्छ ।

(३) आदिवासी महिलाहरुलाई प्रभावकारी तथा अर्थपूर्ण सार्वजनिक तथा राजनीतिक जीवनमामा उनीहरुको प्रथाजन्य व्यवस्था तथा प्रतिनिधिमूलक संघसंस्थामा सहभागिता तथा प्रतिनिधित्व हुने व्यवस्था गर्नका लागि कानूनी तथा नीति निमार्ण संयन्त्रको विकास गरि मान्यता दिनु पर्ने ।

(४) आदिवासी महिला, किशोरी र अपाङ्गता भएका महिलाहरुको हक अधिकारको कार्यान्वयनमा राज्य पक्षले आफ्नो दायित्व पूरा गरे नगरेको विषयलाई प्रभावकारी ढङ्गबाट लागू गर्न संयन्त्रको विकास गरी आदिवासी महिला र आदिवासी अपाङ्गता भएका महिलाको अनिर्वाय प्रतिनिधिमूलक संस्था

सहितको सहभागिता गरी प्रभावकारी कार्यान्वयनको लागि अगाडि बढाउने संयन्त्रको सुनिश्चितता गरिनु पर्ने ।

(५) आदिवासी महिला तथा अपाङ्गता भएका महिलाहरुकाहरुको अवश्यकतालाई परिपूर्तिको लागि प्रभावकारी कार्यहरु सञ्चालन गर्नका लागि सरकारलाई लैङ्गिक, अपाङ्गता र आदिवासी  उत्तरदायी बजेट, नीति, कार्यक्रम, उपायहरु र माध्यमहरुको व्यवस्था र विकास गरिनु पर्दछ ।

(६) आदिवासी महिला, किशोरी र अपाङ्गता भएका महिलाहरुलाई विभेदरहित, पहूँचयुक्त वातावरणसहित, सकारात्मक सोच, सुरक्षित र गोपनीयताको हकको सम्मान गर्दै न्यायमा सहज पहुँचको सुनिश्चितता गरिनु पर्ने ।

(७) आदिवासी महिला तथा अपाङ्गता भएका महिलाहरुको जल, जमिन प्राकृतिक साधनस्रोत तथा भूमि सम्बन्धी अधिकारको संरक्षण गर्नका लागि संविधानको पुनर्लेखन गरिनु पर्ने ।

(८) आदिवासी महिलाहरुले कानून र कानूनी उपचारका बारेमा सजिलै सूचना प्राप्त गर्नका लागि उनीहरुको मातृभाषा तथा, ब्रेल, साङ्केतिक भाषा, द्धोभाषेसहित, सहज ढाँचामा उपलब्ध गराईनु पर्ने ।

(९) आदिवासी समूहले आफनो मातृभाषामा न्यायप्रणाली तथा कानूनी उपचारमा पहुँच पुऱ्याउनका लागि यस प्रकारका प्रणालीमा स्थापना गरिनु पर्ने । स्थानीय न्यायिक समितिले आदिवासी समुदायको लिङ्ग, उमेर, जातीय, अपाङ्गता, आर्थिक, सामाजीक अवस्था, भौगोलिक क्षेत्रको आधारमा बहुआयमिक, सहज सरल र प्रयोगकर्ता खण्डिकृत तथ्याङ्क, उपलब्ध गराईनु पर्ने, तथ्याङ्क राख्नु पर्ने । त्यसैगरी जोखिममा रहेका सीमान्तकृत विशेषत अपाङ्गता भएका समुदायहरुलाई आर्थिक साहायता उपलव्ध गराईनु पर्ने र प्राथमिकतामा राख्नु पर्ने हुन्छ । प्रत्येक जिल्लामा आदिवासी महिलाहरुको पहुँचमा न्याय प्रणालीको पहुँच पुऱ्याउनका लागि कानूनी सचेतना, मातृभाषामा शिक्षाको र पहुँचयुक्त ढाँचामा प्रचार-प्रसार गरिनु पर्ने ।

# आदिवासी महिला, किशोरी र आदिवासी अपाङ्गता भएका महिलाहरु सम्बन्धी

# सीड नीतिको संक्षिप्तीकरण




राष्ट्रिय आदिवासी-जनजाति महिला महासंघ
NIWF

NIWF
Kathmandu, Nepal
Estd. 1998

2015